# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ भदौ २०७९

# मङ्गलवार

# बैठक सङ्ख्या- ५४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:५९ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन मङ्सिर ४ मा हुँदै छ । सबै दलहरू ..... गृहकार्यमा जुटेका छन् । संविधानको धारा ३८ (५) (क) को समानताको हक व्यवस्था गरेको छ । सन्

२०३० सम्म ५० प्रतिशत महिला सबै तहमा उपस्थित गराउन दिगो विकासको लक्ष्य रहेको छ । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) मा नेपाल हस्ताक्षर गरेको छ । नेपालको संविधान २०७२ समानुपातिक समावेशीका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्ने भनेको छ । संविधानको मर्म र भावनालाई ध्यानमा राखी प्रत्यक्षतर्फ अत्याधिक महिलालाई उम्मेदवार दिने सबै राजनीतिक दलहरूलाई सम्मानित सभामा माध्यमबाट अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू डेङ्गुको सङ्क्रमण अहिले ७५ जिल्लामा फैलिएको छ । यो महामारी हुनुबाट रोक्न तीनै तहको सरकार ध्यान किन गएको छैन ? लाम्खुट्टे लार्भा नष्ट गर्न किट्नासक औषधी छर्कन र सचेतना जगाउने कार्य यथाशीघ्र होस् ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, देशभरि करिब ३६ हजारको सङ्ख्यामा रहेका सरकारी विद्यालयमा कार्यरत कर्मचारीहरू छन् । सोही सरकारी विद्यालयमा ६ हजार ४ सय २३ जना लेखापालहरू कार्यरत छन् । लामो समयदेखि आन्दोलनमा छन् । अहिले देशभरिका विद्यालय पठनपाठन बन्द त अहिले राजधानी केन्द्रित आन्दोलन गरिरहेका छन् । अहिले शिक्षा मन्त्रालयमा भेटघाट त अहिले अर्थ मन्त्रालयमा धाइरहेका छन् । उनीहरूको तहअनुसारको सेवा सुविधा र परिश्रमिकको व्यवस्था मिलाउन र शिक्षा क्षेत्रमा देखिएको सम्पूर्ण विकृति र विसङ्गतिको अन्त्य गर्न तत्काल सङ्घीय शिक्षा ऐन निर्माण गरी समस्या समाधान गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । वर्तमान स्थितिमा देखिएको आर्थिक अराजकता बेथिति मिटर ब्याजीहरू पीडित नागरिक सडकमा रोइरहेका छन् । त्यसतर्फ सरकारको चिन्ता चासो देखिँदैन भने अर्कोतिर भुटानी शरणार्थी प्रकरणमा नेपालीहरूलाई भुटानी परिचयपत्र बनाएर अमेरिका पठाउने बाहनामा सयौं नेपाली नागरिकलाई भुटानी शरणार्थीको नाममा नक्कली परिचयपत्र बनाउने उनीहरूबाट ठुलो रकम

असुली भएको घटना पीडित नागरिकको प्रशासनमा दिएको उजुरीबाट घटना बाहिर आएको छ । धेरै समय हुँदा पनि सरकारले कुनै चासो नदिएको गुनासो.....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय नन्दा चपाई ।

**माननीय श्री नन्दा चपाई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः-..... अव्यवस्थित अवस्थामा रहेका सवारी साधानहरूको व्यवस्थापन गर्न अत्यन्त आवश्यक देखिएको छ । काठमाडौं उपत्यकामा मात्रै १९४९ थान सवारी साधानहरू अव्यवस्थित रहेको देखिन्छ । यस विषयमा दिगो विकास तथा सुशासन समितिले उपसमिति गठन गरी पाँचओटा बैठक बसेको र समस्याको बारेमा गम्भीर छलफल गरी अव्यवस्थित अवस्थामा रहेका सवारी साधानको व्यवस्थापन गर्नको लागि कानुनको अभाव रहेको निष्कर्ष निकाल्दै नेपाल सरकरलाई अनुरोध गर्ने बेहोरा जानकारी गराउन चाहन्छु । यो विषय अत्यन्त गम्भीर विषय छ । यसको समाधानको खोजी गरिएन भने ठुलो समस्या हुन सक्छ । तसर्थ अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डा. विमला राई पौडयाल ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, जनताले तिरेको करबाट सेवा सुविधा लिने हामी जनप्रतिनिधि र मन्त्री, प्रधानमन्त्री, सरकारका सबै अङ्गहरू जनताका सेवक हुन् । शासक होइनन् । गत हप्ता के दुई दिनअगाडि मात्रै हो । एक जना विद्यमान मन्त्रीले एउटा ठाउँमा भिसा लिन । एउटा कार्यालयमा भिसा लिन जाँदाखेरि एउटा गार्डप्रति गरेको अमानवीय व्यवहार एकदमै धेरै अस्वीकार्य छ । वाहाँले यसमा सार्वजनिक रूपमा माफी माग्नुपर्छ । राजीनामा त वाहाँले दिनुहुन्न मलाई थाहा छ । तर सार्वजनिक रूपमा माफी माग्नुपर्छ । किनभने हामी सेवक हौं । शासक होइनौं । यो कुरालाई स्थपित गर्नुपर्छ । यो एक जना गार्ड र एकजना मन्त्रीको मात्रै कुरा होइन । यो विधिको शासन; विधि बनाउने हामी अनि विधि उल्लङ्घन गर्ने हामी । विधि उल्लङ्घन गर्न नदिंदाखेरि एउटा श्रमिकलाई चाहिँ तेत्रो पाँच दिन थुन भनेर थुनामा राख्ने पनि हामी ? यो

असाध्यै भएन । यसलाई चाहिँ सरकारले तुरुन्तै ध्यान पुर्याओस् । र यो खालको घटना फेरि नदोहोरियोस् भनेर पनि सरकारप्रति म माग गर्न चाहन्छु । र मन्त्रीले सार्वजनिक रूपमा माफी मागुन भनेर पनि माग गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय अर्थमन्त्री जनार्दन शर्माले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने बेहोरा जानकारी गराउँछु छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्ष डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रत्येक सदस्यको लागि तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय तुलसा कुमारी दाहाल ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- ..... सम्बन्धमा सैद्धान्तिक छलफलमा हामी छौं । यो सैद्धान्तिक छलफलमा प्रतिनिधि सभाको अर्थ समितिले आफ्नो रायसहित प्रतिवेदन बुझाइसकेको छ । र नेपाल बिमा सर्वेक्षण सङ्घ र नेपाल

निर्जीवन बिमा व्यवसायी सङ्घ छुटाछुटै रूपमा दर्ता सञ्चालन र व्यवस्थापन हुँदै आएकोमा प्राधिकरण बनाउने उद्देश्यले यो संशोधन गरिएको छ र बिमासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७९ भनेर आएको छ र यो स्वागतयोग्य नै छ । जीवन बिमा र निर्जीव बिमालाई व्यवस्थापन गर्न र समयसापेक्ष बनाउनको लागि प्रयास भएको हो । प्राधिकरणका माध्यमले व्यवस्थापन गर्न खोजिएको छ र बिमा व्यवसायीहरूको निगमन, निरिक्षण, व्यवस्थापन गर्न खोजिएको छ । बिमा ऐन, २०७५ लाई परिमार्जन गरी समयसापेक्ष बनाउँदै बिमासम्बन्धी कानुन संशोधन एकीकरण गर्नको लागि प्रयास गरिएको हो । नेपाल सरकारको तर्फबाट विदेशी कम्पनीहरूले खोलेका बिमासम्बन्धी व्यवस्थापन सञ्चालन र निरिक्षणको लागि जवाफदेही बनाउन खोजिएको छ र यसमा अझै पनि अस्पष्टता रहेका छन् भन्ने मलाई लागेको छ । विदेशी बिमा कम्पनी सरकारी र अर्ध सरकारी रूपमा जुन खोलिएका छन् । र यसको व्यवस्थापन गर्नको लागि पनि यसले प्रयास गरेको छ । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो बिमा प्रणाली वा बिमा व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने यो व्यवसायलाई प्रभावकारी रूपमा नियमन गर्ने र विविधको हक हित संरक्षण गर्ने उद्देश्यबाट यो विधेयक आएको कुरा यो विधेयकमा उल्लेखित छ । र नेपालमा च्याउ जस्तै उम्रिएका कम्पनीहरूको बिमा कम्पनीहरूको नियमन गर्नुपर्ने आवश्यकता छ । त्यसैले यो प्राधिकरणमार्फतबाट यो नियमन गर्ने स्वागतयोग्य नै कुरा छ । र यो ऐन बिमितको सुरक्षा र सेवामा केन्द्रित हुनपर्ने सुरुमा बिमा सङ्कलन गर्ने र आफ्नो बिमा कम्पनीमा अनुबन्धन गरिहाल्ने र यसमा हतारो गरिहाल्ने कुरा छ । तर बिमितलाई समस्या परेको बेलामा भने भाग्ने दुःख दिने र बिमितले यथेष्ट सेवा नपाउने अवस्था छ । यसलाई चाहिँ नियमन गर्न जरुरी छ ।

र दोस्रो कुराः यो विधेयक पनि यो कानुनको मापन तथा मूल्याङ्कनको प्रावधान राखिनुपर्छ । र प्राधिकरणको सदस्यको अयोग्यताको सम्बन्धमा कालो सूचीमा परेको व्यक्ति लेखिसकेपछि यो साहुको दामासायीमा परेको भन्ने उल्लेख गर्नु आवश्यक छैन । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्माः**- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त हुन आएको "बिमा विधेयक, २०७५ माथि छलफल गरियोस्" भन्ने प्रस्तावउपर भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानले कानुनी राज्यको अवधारणालगायतको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट निर्माण गर्ने लक्ष्य लिएको र त्यसको लागि सार्वजनिक निजी र सरकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएअनुरूप नै प्रस्तुत विधेयक यस सम्मानित सदनसमक्ष पेस गरिएको हो । प्रतिनिधि सभाको समिति आर्थिक लेखा समितिमा सम्बन्धित सरोकारवालासँग छलफल परामर्श भई सर्वसम्मत रूपमा पारित गरिएको प्रस्तुत विधेयक प्रतिनिधि सभाबाट समेत प्रतिनिधि सभाको अर्थ समितिको प्रतिवेदनलाई समेत स्वीकार गरिएको कुरा यस सम्मानित सदनसमक्ष पुनः उल्लेख गर्न चाहन्छु र छलफलको क्रममा माननीय सदस्यहरूले विधेयकउपर राख्नुभएको धारणालाई उच्च सम्मान गर्छु । साथै विधेयकमा उल्लेखित भएको व्यवस्थालाई बढी व्यवहारिक तथा समयसापेक्ष बनाउने सन्दर्भमा नेपाल सरकार सधैँभर सकारात्मक रहेको बेहोरा पनि अनुरोध गर्न चाहन्छु ।

हाल कायम गहेको बिमा ऐन, २०४९ ले बिमाका सबै विषय समेट्न नसकेकोले निकै लामो समयदेखि विधेयकको आवश्यकता महसुस गरेको हो र यस विधेयकमा अर्थ मन्त्रालयको विभिन्न चरणमा बिमा समिति सरकारवाला सबैसँग छलफल तथा अन्तरक्रिया गरेको हो र प्राप्त सुझावहरू समेट्न कार्य गरेको बेहोरा जानकारी गराउन चाहन्छु । बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम बैङ्क तथा वित्तीय संस्था नियमन गर्नुपर्ने व्यवस्था गर्न बिमा क्षेत्रको नियमन गर्न सोही कानुनी व्यवस्थालाई आधार मानी तयार गरेको छ र बैङ्क तथा वित्तीय संस्थाको लागि नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बैङ्क कसुर तथा सजाय ऐन, २०६४ र बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ समेत छन् । बिमाको लागि सबै विषय प्रस्तुत विधेयकमा समेटिएका छन् । यसै गरी गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकहरूको अधिकारको संरक्षण गर्न स्वास्थ्य बिमाद्वारा पूर्व भिक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य क्षेत्र प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने अभिप्रायले बनेको स्वास्थ्य बिमा ऐन, २०७४ को व्यवस्थालाई यस ऐनले कुनै पनि अक्षेप गरेको छैन र साथै बिमाको लागि अन्तर्राष्ट्रिय रूपमा रहेको इन्टरनेसनल एसोसिएन अफ द इन्स्योरेन्स सर्भेन्सले निर्धारण गरेको निर्धारण गरेको इन्स्योरेन्स प्रिन्सिपल जसलाई पार्सियल सिद्धान्त भनिन्छ । त्यसले छ नयाँ आधारभूत सिद्धान्तलाई विधेयक समेटिएको छ । मूलभूत विषयहरूमा बिमा नियमन, बिमा व्यवसाय, बिमा करार, बिमितसहित संरक्षण, बिमा अपराधको रूप र सजाय सहयोगी संस्थाको निर्माण विषयहरू समावेश गरिएको छ । माननीय सदस्यहरूले अगि उठाउनुभएका विषयहरू यिनै शीर्षकअन्तर्गत समेटिएको कुरामा यहाँ अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, लघु बिमाको ग्रामीण समाजलाई बिमामा पुऱ्याउने भएकोले यसको व्यवस्था पनि यहाँ गरिएको छ र यसरी बिमालाई एउटा प्राधिकरणको रूपमा लगेर एउटा स्वायत्त संस्थाको रूपमा पनि विकास गर्ने गरिएको हुँदा यो बिमा ऐन महत्त्वपूर्ण छ । समितिमा व्यापक छलफल पनि भ'को हुनाले सम्माननीय अध्यक्ष महोदयमार्फत म अन्त्यमा छलफलमा सहभागी हुनुभयो । यस विधेयकलाई अझ थप परिमार्जन गर्ने कुरा राखुभएकोमा हार्दिक धन्यवाद दिँदै मेरो भनाइलाई यहीं टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजिनक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय अर्थमन्त्री जनार्दन शर्माले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रुस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रत्येक माननीय सदस्यको लागि तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामीले यो प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त सार्वजनिक ऋण व्यवस्थापन विधेयकमाथि सैद्धान्तिक छलफल गरिराखेका छौं । मलाई लाग्छ धेरै कुरा भन्नुपर्ने अवस्था त छैन तर एक दुइटा कुराहरू सम्माननीय अध्यक्ष महोदयमार्फत माननीय गृहमन्त्रीज्यूको ध्यानाकर्षण गराउनुपर्ने सैद्धान्तिक रूपमा त्यो म आफ्नो आवश्यक देख्छु । त्यसकारण एक दुइटा कुराहरू मैले ध्यानाकर्षण गर्न खोजेको हो । धेरै कुराहरू त विधेयकमा सन्देशसहित भएर आई नै सक्या छ । त्यही धेरै प्रबन्धहरू व्यवस्थाहरू त्यो विधेयकमा गरिएकै अवस्था छ । खास गरेर यो श्रीलङ्का जसरी ऋणमा डुब्यो र पूरै दुनियाँको लागि दक्षिण एसियाको लागि मात्रै होइन पूरै दुनियाँको लागि श्रीलङ्का आज एउटा पोजेटिभ नगेटिभ केही मानेमा पोजेटिभ उदहारण केही मानेमा नगेटिभ उदहारण भैराखेको अवस्था देखिन्छ ।

हामी हाम्रो जस्तो एउटा पिछडिको देश सानो देश जहाँ हामी हाम्रो सरकारले आन्तरिक ऋण पनि र बाह्य ऋण पनि दुवै लिने गर्दछ । लिराखेको स्थिति छ । बजेटमा हामी त्यो राष्ट्र बजेटमै त्यो व्यवस्था गरेका हुन्छौं भन्दाखेरि यो सन्दर्भमा ऋण भन्ने कुरा चाहे त्यो आन्तरिक ऋण होस् कि बाह्य ऋण होस् । ऋणीसँग हामी कस्तो ऋण लिने ? कहाँबाट ऋण लिने ? कस्तो ऋण लिने ? हाम्रो जीडीपीको कति पर्सेन्टसम्मको ऋण लिने र ऋण लिसकेपछि त्यो ऋणको लगानी त्यो ऋणको खर्च एलोकेसन त्यसको इन्भेस्मेन्ट कहाँ गर्ने ? त्यो चारओटा कुरा मैले उठाउन खोजेको हुँ । यदि यो चारैओटा कुरामा सरकारको राम्रोसँग ध्यान गएन भने कहिलेकाहीँ त बाहिरी रूपमा ..... कुरा आउँछ । ऋणमा डुबेको अवस्था आउँछ । डेट ट्र्यापको कुरा आउँछ कहिलेकाहीँ आन्तरिक रूपमा पनि त्यो स्वरूप मुलुकले ग्रहण गर्छ । त्यसकारणले सरकारले मैले उठाएको यो तीन चारओटा कुराहरू सार्वनजिक ऋण व्यवस्थापनको सन्दर्भमा अनि सैद्धान्तिक ढङ्गले जे चाहिँ

विधेयकमा व्यवस्था छ । ठिक ढङ्गले निर्देशन गर्ने काम नेपाल सरकार अर्थ मन्त्रालयले गरोस् भन्ने मैले सैद्धान्तिक रूपमा ध्यानाकर्षण गराको छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आन्तरिक तथा बाह्य ऋणको व्यवस्थापन गर्नका लागि यो विधेयक आएको छ । सार्वजनिक ऋण व्यवस्थापन विधेयक भनेर र यसमा मैले दुइटा कुरा उठाउन खोजेको छु । एउटाः भनेको सार्वनजिक ऋण व्यवस्थापनको एक सार्वजनिक ऋण व्यवस्थापन कार्यालय रहने छ भनेको छ । कार्यालयमा नेपाल सरकारलाई निर्धारण गरेबमोजिमको सङ्गठन संरचनाअनुसार आवश्यक सङ्ख्यामा कर्मचारी रहने छन् भनेको छ । यो सङ्गठन संरचनाको कुरा चाहिँ कानुनमै उल्लेख हुनुपर्छ । र यहाँ यो सरकारले निर्धारण गरेबमोजिमको सङ्गठन संरचना भन्या छ र यो कस्तो संरचना हुने भन्ने बारेमा चाहिँ यो ऐनमै उल्लेख हुनुपर्छ र कर्मचारीको सङ्ख्या त आवश्यक सङ्ख्या भन्न सकिने भो' अर्को यो कानुनमा पनि यो कानुनको पनि पुनरावलोकन भैरहनुपर्दछ । त्यसैले यो ऐन मापन तथा मूल्याङ्कनको पनि प्रावधान राख्नु उपयुक्त हुन्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त हुन आएको "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" माथि विचार गरियोस् भन्ने प्रस्तावमा भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाको आर्थिक समितिमा सम्बन्धित सरोकारवालासँग व्यापक छलफल तथा परामर्श भई सर्वसम्मत रूपमा पारित गरेको प्रस्तुत विधेयक अर्थ समितिको प्रतिवेदनलाई समेत स्वीकार गरिएको कुरा यो सम्मानित सदनमा म उल्लेख गर्न चाहन्छु । साथै विधेयकमा उल्लेख गरेको व्यवस्थालाई बढी व्यवहारिक र समय सापेक्ष बनाउने क्रममा कतिपय कुराहरू परिमार्जन गरी सिद्धान्तका आधारमा गर्नुपर्ने कार्यलाई प्रतिनिधि सभाले विधेयकमा समेटेको कुरा यस सदनसमक्ष व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक ऋण व्यवस्थपानसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको यस विधेयकले देशको द्रुत आर्थिक विकास आर्थिक स्थायित्व कायम गर्नका लागि सार्वजनिक वित्त व्यवस्थापन गर्न र वित्तीय तथा मौद्रिक नीतिबिच सामन्जस्यता कायम गर्दै आन्तरिक तथा वैदेशिक ऋणको व्यवस्थापन गर्न ऋण तथा जमानतसम्बन्धी कानुनलाई व्यवस्थित गर्ने अभिप्राय यस विधेयकमा रहेको छ ।

माननीय सदस्यले उठाउनुभएको जो विचार छ त्यो यसमा समेटिएको छ यसरी कि हामीले भनेका छौं द्रुत आर्थिक विकासको आवश्यकता आर्थिक स्थायित्वको लागि र यसको सार्वजनिक वित्त व्यवस्थापन र मौद्रिक नीतिमा सामन्जस्यता ल्याउनको लागि यहाँ सैद्धान्तिक रूपमा उल्लेख गरिएको साथै यस विधेयकले ऋण तथा जमानत ऐन, २०२५ र राष्ट्र ऋण ऐन, २०१९ मा खारेज गरेको व्यवस्था पनि यहाँ छ । सँगसँगै ऋण लिने कुरालाई व्यवस्थिति र पारदर्शी बनाएको अवस्था छ । यसै गरी नेपाल सरकार वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले नेपालको संविधानको धारा २५० बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगले गरेको सिफारिसको सीमाभित्र रही आन्तरिक उठाउन सक्ने व्यवस्था गरेको छ । तर वैदेशिक ऋण लिने अधिकार नेपाल सरकारलाई मात्र हुने कानुनी व्यवस्था प्रस्ताव गरेको अवस्था छ र साथै यस विधेयकलाई समृद्ध बनाउनको लागि नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व र नियन्त्रणमा रहेको संस्था कम्पनी वा कानुनबमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित संस्थालाई सार्वजनिक संस्थाको रूपमा परिभाषिक गरेको अवस्था पनि छ ।

र ऋणको जो अवस्था छ । हामी सिक्नुपर्ने अहिलेको विश्वको आर्थिक सङ्कटका समस्याहरूबाट हामीले सिक्नुपर्ने कुराहरू उठिरहेका छन् । अवश्य पनि नेपालको अवस्था अहिले ती देशहरूमा त्यहाँको कुल गर्हस्थ्य उत्पादनको अवस्था भन्दा त्योभन्दा बढी

hundred percent मा पनि ऋणहरू उठिरहेको अवस्था देखिन्छ भने नेपाल हामी आफ्नो सीमाभित्र छौं । कुल ऋण अहिले ४१.५ प्रतिशतमा रहेको छ । बाह्य २१.१६ प्रतिशत छ भने आन्तरिक २०.४३ प्रतिशत रहेको छ । हामी एउटा सीमाभित्र छौं र अबको ऋणलाई पनि यसको विधेयकले कसरी लिने कुन क्षेत्रमा लिने भन्ने कुरा पनि स्पष्ट गरेको कुरा म यहाँ राख्न चाहन्छु र मुख्य गरी हामीले त्यस्ता ऋणहरू लिँदा परियोजना बेस ऋणहरू लिए जसले परियोजना आफैले तिर्न पनि सकोस् तिर्न सक्ने गरी ऋण लिने कुराहरूलाई पनि प्राथमिकतामा राख्नुपर्छ भन्ने कुराहरू अगाडि बढाएको र एउटा जीडीपीको निश्चित प्रतिशत मात्रै ऋण लिनुसक्नुपर्छ पाउनुपर्छ भन्ने नीतिमा विधेयकमा नै स्पष्ट रूपमा राखिएको हुँदा माननीयज्यूले उठाउनुभएका सरोकारलाई समेटेको कुरा म सरकारलाई अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थपान विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त बिमा विधेयक, २०७५ र सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यावद**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित कारागार विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित कारागार विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित कारागार विधयेक, २०७६ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित कारागार विधयेक, २०७६" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुशङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध

गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो कारागार विधेयकमा समितिमा असाध्यै धेरै छलफल पनि भयो र असाध्यै महत्त्वपूर्ण के रह्यो भने हामीले कम्तीमा काठमाडौंभित्रका तीन ठुला कारागारहरूमा हामी समिति आफै गएर obverse पनि गयौं हेर्यौं पनि र त्यहाँका कैदीहरूसँग पनि भेट्यौं कारागारको व्यवस्थापन पक्षसँग पनि बस्यौं र धेरै इन्साइटफुल हामीले नसोचेका पक्षहरू पनि देख्यौं सकेसम्म हामीले चाहिँ सरोकारवालाहरूसँग बसेर सकेसम्म यसलाई सबैलाई सुधार गर्ने र कारागारलाई साँच्चि नै सुधार गृहमा कसरी परिणत गर्ने भन्ने विषयमा सोचेर सम्झेर धेरै परिमार्जन पनि गरेका छौं । तर केही कुराहरू अहिलेको विध्यमान संरचनाका कारणले चाहिँ सुधार गर्न नसकिएको अवस्था पनि छ । विशेष गरीकन कारागारहरूमा सबैभन्दा ठुलो समस्या अहिले हामीले देखेको भनेको मानसिक रोगको हो । किनभने कारागारमा बसिसकेपछि त्यसै पनि अलिकति मानसिक रूपमा चाहिँ विछिप्त अवस्थामा हुने डिप्रेसनका धेरै घटनाहरू र कतिपय ठाउँहरूमा उपयुक्त संरचना नभएको कारणले धेरै जसो जहाँ मानसिक समस्याको लागि उपचारको व्यवस्था छ त्यही ठाउँमा सबै देशभरिका लागि ल्याएर बिरामीलाई थुपार्ने खालको अवस्था पनि देखियो । यो कुरालाई हामीले चाहँदाचाहँदै पनि सबै कारागारमा मानसिक रोगको उपचार गर्ने निदान गर्ने त्यही अस्पतालभित्रै अथवा कारागारभित्रै मानसिक रोग विशेषज्ञहरू राख्ने त्यो खालको प्रावधान राख्न कोसिस पनि गयौं तर अहिलेको विध्यमान संरचना र विध्यमान अहिलेको स्रोतले गर्दाखेरि चाहिँ सकिँदैन भन्ने खालको कुरा आयो र हामीले त्यस्ता प्रावधानहरू विधेयकमा राख्न सकेका छैनौं । त्यही भएर मैले अहिले humble request गर्दछु । यहाँ गृहमन्त्रीज्यू हुनुहुन्छ । हामीले बिस्तारै हाम्रा संरचनाहरूलाई यो मानसिक रोगलाई कसरी निदान गर्ने किनभने सुधार गृहमा लाँदै छौं भनेपछि त मानसिक रोगी भए पनि नरोगी भए पनि त्यहाँ एउटा काउन्सिलिङको व्यवस्था हुन जरुरी छ । त्यो हिसाबमा कसरी हामीले जनशक्तिको व्यवस्थापन गर्ने कसरी त्यस्तो संरचनाको व्यवस्था गर्ने भन्ने विषयमा सोच्न पर्छ र त्यहीअनुसार आवश्यक लगानी गर्न

पर्छ । त्यो गर्दै जानुस् भनेर मैले गृहमन्त्रीज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहेँ धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भुवन बहादुर सुनार ।

**<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)</u>**ः- अध्यक्ष महोदय, यो कारागारसम्बन्धी धेरै अध्ययन धेरै छलफल भए । त्यही क्रममा हामीले थोरै हुनत जोडिएला यो मनोपरामर्शसम्बन्धी नपुग्ता चाहिँ भ'को अनुभूति भ'को छ । त्यसका साथै यो कारागारमा ५० प्रतिशत जेल भुक्तान गरेका कैदी कैदीलाई चाहिँ यदि ऊ सुध्रिएमा आधी आदी चाहिँ कारागार मुक्त गर्न सकिने भन्ने चाहिँ भन्ने कुरो छ त्यसमा यो जेलरमार्फत धेरै बन्दीहरू चाहिँ शोषणमा परेका कुरा यो अलि अलि सतहमा आएन । बन्दीहरूलाई म सिफारिस गर्दिन्छु भनेर धेरै त्यो जेलरले त्यो बन्दीहरूलाई शोषण गरेको असाध्यै गरिब उत्पीडित बन्दीहरूले पनि खोजी खोजी लिएर आएर त्यहाँ पैसा तिर्न परेको सिफारिस गर्दिन पर्यो भनेर र त्यस्तो गरेर धेरै चाहिँ त्यस्तो किसिमको ..... भ'कोले त्यसको बारेमा त्यसको रोकथामको बारेमा हामीले ध्यान पुऱ्याएनौं कि भन्ने मैले अनुरोध गरेँ । हस, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "कारागार विधेयक, २०७६" माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण</u>**ः- सम्माननीय अध्यक्षज्यू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "कारागार विधेयक, २०७६" राष्ट्रिय सभामा छलफलको लागि प्रस्तुत भएको छ र कारागारका बारेमा एउटा बडो सकारात्मक धारणा आएको छ त्यसमा जनप्रतिनिधिहरूको बिचमा कारागारलाई अब थुनुवागृह कारागार या बन्दीगृह होइन । यो

सुधारगृह हुनुपर्छ । र यसका भौतिक संरचनाहरू पनि सुधार्दै लानुपर्छ । कारागारभित्र रहेका बन्दीहरूको पनि सुरक्षा र स्वास्थ्यको राज्यले गम्भीरतापूर्वक व्यवस्थापन गर्नुपर्दछ भन्ने कुराहरू भन्नुभएको छ त्यसको लागि सबैलाई मेरो धन्यवाद । र कारागारलाई अहिलेको हाम्रो प्रतिबद्धताअनुसार नै यसको भौतिक संरचनाको सुधार गर्नका लागि र यसको व्यवस्थापनलाई पनि सुधार गर्नका लागि कारागारसम्बन्धी विधेयक आएको हो । यो विधेयक पास भइसकेपछि अवश्य पनि कारागारमा धेरै सुधारहरू हुने छन् भन्ने हामीलाई विश्वास छ । खास गरेर कारागारमा धेरै खालका बन्दीहरू हुनुहुन्छ । र विशेष गरेर भन्ने हो भने दुई खालका बिन्दीहरू छन् । त्यहाँ प्राय जसो एउटा साँच्चै अपराध गरेर परेका अनि केही भवितव्यले परेका अब केही समूहमा परेका । जस्तो अब कुनै ठाउँमा घटना घट्यो कुनै नागरिकको हत्या भयो भने अब जाहेरी दिने बेलामा घटना घट्ने स्थलमा जतिसुकै भए पनि जाहेरी दिने बेलामा समझ्या जति सबैको नाम हाल्ने पनि प्रचलन छ हामी कहाँ त्यो घटनामा म त्यहाँ थिँदै थिइन । यो घटनाको योजनाकार पनि म थिइनँ । यसको पक्ष विपक्षमै म थिइनँ तैपनि म कारागारमा छु भन्ने मान्छे पनि हुन्छन् त्यहाँ । अब कोही उत्तेजनामा आएर घटना घटाउने अब घटना घटिसकेपछि यत्रो घटना मैले कसरी घटाएँ भनेर पश्चाताप गर्ने पनि छन् ।

त्यसकारणले कारागारलाई सुधारगृह बनाउने र उनीहरूलाई उत्पादनसँग कसरी जोड्ने उनीहरूलाई बढीभन्दा बढी मानव अधिकार र नागरिक अधिकार कसरी प्रत्याभूत गर्ने । कारागारमा रहेका अब महिला, पुरुष, लिङ्गीय पहिचान नभएका अल्पसङ्ख्यक त भई हाले । अब अपराधमै सरिक नभएका बालबालिकाहरू जसको अभिभावक कारागारमा भा'का कारणले उनी पनि सँगै कारागार जानुपर्यो । उनको बसाइ, हुर्काइ, लालन पालन नै कारागार भैराख्या छ । त्यस्तो लागि पनि के गर्ने त्यसपछि कोही अपाङ्ग पनि छन् । कोही अशक्त पनि छन् । तिनको व्यवस्थापन कसरी गर्ने त्यस्तै महिला दिदी बहिनीहरूलाई उनीहरूलाई प्रस्तुतसम्बन्धी व्यवस्थापन कसरी गर्ने त्यसकारणले यो थुप्रै नियम प्रावधानहरू पनि राखिएको छ र मलाई लाग्छ यो पास भएपछि अवश्य पनि केही नयाँ हुन्छ ।

र अगि माननीयज्यूले भन्या जस्तैः संरचना पनि हाम्रो पुरानै छ । सानै छ । केन्द्रीय कारागार, भद्रगोल कारागार, नख्खु कारागार धेरैले देख्नुभ'कै छ । यी राणा कालीन कारागारहरू अहिले पनि छन् । अब बेला बेलामा तिनीलाई म्युजियम बनाउने पनि चर्चा

चलिरख्या हुन्छ । तर बनाउन सक्या छैन । किनकि कारागारको व्यवस्थापन हाम्रो प्राथमिकतामा परेकै छैन । यो चल्दै जान्छ । चलाउने हो भन्ने नै छ । अब यसलाई हरेक वर्षको बजेटमा कारागारसम्बन्धी पनि छलफल गर्न जरुरी छ । स्रोत व्यवस्थापन गर्न पनि जरुरी छ । कारागार फेरि यस्तो विषय छ जहाँ वैदेशिक ऋण पनि वैदेशिक अनुदान पनि आउँदैन । राष्ट्रिय स्रोतले नै थेग्नुपर्यो । त्यसलाई अगामी वर्षबाट यो कारागारको व्यवस्थापनमा राज्यले केही लगानी वृद्धि छ भन्ने म आफ्नो अनुभव पनि राख्न चाहन्छु ।

र अब कारागारमा अब बिरामीहरूको उपचार गुर्ने पनि कारागार व्यवस्थापनको जिम्मेवार हो । र अहिलेको मौजुदा अवस्थामा कस्तो छ भन्दाखेरि कारागारमा खटिएका चिकित्सकहरू स्वास्थ्यकर्मीहरू गृह मन्त्रालय या कारागार विभाग मातहत हुनुहुन्न वाहाँहरू । वाहाँहरू स्वास्थ्य मन्त्रालय मातहतै हुनुहुन्छ । वाहाँहरूको दरबन्दी । त्यसकारण वाहाँहरूलाई अब काम लगाउन, खटाउन, पुरस्कृत गर्न दण्ड गर्नका लागि फेरि स्वास्थ्य मन्त्रालय नै जानुपर्यो । अब धेरै अगाडिदेखि माग छ यो कारागार व्यवस्था विभागमै ल्याउने हो कि ? कारागारको स्वास्थ्य क्षेत्रमा कार्यरत रहने चिकित्सक र स्वास्थ्यसेवीहरू नर्सहरूलाई भन्ने बहस भैराख्या छ । तर टुङ्गो लाग्या छैन र कारागारभित्र परिसकेपछि अब त्यहाँ आजन्म कैद सजाय पाएका पनि छन् । र यो राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा बडो गम्भीरतापूर्वक छलफल भा' थियो यसमा । अब हाम्रो संविधानले मृत्युदण्डलाई स्वीकार गरेको छैन । तर अब आजन्म कारागारभित्रै रहने फैसला भएर कारागारभित्र रहिरहेकाहरूको कस्तो मनोदशा होला । त्यसकारणले उनीहरूको मनो परामर्शत आवश्यक छ नै त्यस्तै अरू पनि कोही बिस वर्ष; कोही दस वर्ष; त्यो वर्ष सुन्दाखेरि मान्छे आतिने पनि होला । त्यसकारणले जो चाहिने सामेलै थिएन । तिनी पनि छन् त्यहाँभित्र तिनको फेरि कस्तो मनोदसा होला । त्यसकारणले अब त्यहाँको स्वास्थ्य मनोपरामर्शको आवश्यक छ ।

र यो कैद मिनाहाको पनि प्रबन्ध छ हामीकहाँ त्यसमा दुई तीनओटा हाम्रो एउटा हाम्रो कारागार ऐन भयो त्यसपछि मुलुकै फौजदारी कार्यविधि सहिंता छ त्यसपछि हाम्रो जेयष्ठ नागरिक विशेष ऐन पनि छ । अब यो ज्येष्ठ नागरिकहरूलाई प्राथमिकताका साथ ५० पर्सेन्ट कैद भुक्तान गरिसकेपछि वाहाँहरूलाई कैद मिनाहा गर्ने भन्ने पनि छ । र यो अदालतको फैसला पनि छ यसमा । ज्येष्ठ नागरिकको हकमा यो नकारात्मक सूचीमा परेमा

पनि यो मुद्दामा कैद भोगिरहेको अवस्थामा पनि ज्येष्ठ नागरिकलाई ऐनको दफा १२ बमोजिम सुविधा पाउने पनि भन्या छ । फेरि अहिले यौन हिंसासम्बन्धी केही ऐन संशोधन गर्न बनेको अध्यादेशअन्तर्गतको २०७८ पनि आयो । त्यसमा फेरि ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा जे सुकै कुरा भनिए तापनि यो कैद मिनाहा हुँदैन भनेर पनि आएको छ । त्यसकारणले यी ऐनहरू यो बाझिएका छन् । बाझिएका ऐनहरूलाई पनि मिलाउनुपर्ने पनि छ ।

र आचरण र व्यवहार सुधारेका । सम्माननीय अध्यक्षज्यू, आचरण र व्यवहार सुधारेका बन्दीहरूलाई ५० प्रतिशत उनीहरूले कैद भुक्तान गरिसकेपछि उनीहरूलाई कैद कट्टी गर्ने; कैद मिनाहा गर्ने अवसर मिलोस् हइ भन्नेमा हामीहरू छौं । किन, तपाईंहरू आफै जेलघरमा गैसक्नुभो' अब प्रत्येक जलेमा त्यो जेलको संरचनाको क्षमताभन्दा बढी बन्दी छन् । त्यसकारणले यो आचरण सुधारेकालाई लागि छोड्न पायो भने अलिक त्यहाँ सहज हुन्थ्यो कि भन्ने त्यहाँभित्र पनि छ । बाहिर हाम्रो मानसिकता पनि छ । तर यो कैद कट्टी गर्ने बारेमा कैद कट्टीका लागि बन्दीहरूले प्रयत्न गर्नु त स्वाभाविकै हो । तर नकारात्मक सूची छ । जो नकारात्मक सूचीमा परेकालाई गर्नै मिल्दैन । अब सायद तिनलाई कैदभित्र बसिराख्यालाई थाहा छैन कि ? थाहा नहुन पनि सक्छ । होइन हामीले मिलाइहाल्छौं भन्दिन्छ कि त्यहाँ भित्रको आन्तरिक प्रशासनले बाह्य प्रशासनले तर धन्नै बिसओटाभन्दा बढी मुद्दाहरू छन् जुन मुद्दामा कैद मिनाहा गर्नै मिल्दैन के । अब त्यसले गर्दा त्यस्ताले पनि कसरी दैडिए होलान । अब त्यसमा जन्म कैदको सजाय पाएकोले नि पाउँदैन । तेजाब तथा अन्य घातक रासायनिक पदार्थ प्रयोग गरी ज्यान मारेको अङ्गभङ्ग गरेको अथवा शारीरिक क्षति पुऱ्याएको कसुरमा सजाय पाएका लागि पनि मिल्दैन अनि जबरजस्ती करणीसम्बन्धीमा सजाय पाएको लागि पनि मिल्दैन । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पनि मिल्दैन । भ्रष्टाचारसम्बन्धी कसुरमा सजाय पाएको पनि मिल्दैन । अपहरण तथा शरीर बन्दक कसुरमा सजाय पाएको पनि मिल्दैन । लागु औषधको ओसारपसार तथा कारोबारसम्बन्धी कसुरमा सजाय पाएको पनि मिल्दैन । सम्पत्ति सुद्धीकरणको पनि मिल्दैन । सङ्गठित अपराधको पनि मिल्दैन । यातना वा क्रुर र निर्मम अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी कसुर सजाय पा'को पनि मिल्दैन । मानवताविरुद्धको अपराधसम्बन्धी पनि मिल्दैन । त्यस्तै राज्यविरुद्धका कसुर, युद्ध अपराध ध्वंसात्मक

अपराध, बालबालिकाविरुद्धको यौन शोषण तथा हिंसासम्बन्धी कसुरमा सजाय पाएको पनि मिल्दैन ।

त्यस्तै जासुसीसम्बन्धी, संरक्षित वन्य जन्तुसम्बन्धी पनि कुरा पुरातत्वतिक वस्तुसम्बन्धी, भन्सार चोरी निकाय पैठारिक कैदबाट भागेको लागि पनि मिल्दैन । अब यस्ता नमिल्ने मुद्दाहरू छन् । तर यी नमिल्ने मुद्दालाई त्यहाँ जेल प्रशासनले या जेलरले सिफारिस गरे पनि जेल विभागले सिफारिस गरे पनि यिनीहरूलाई कैद मिनाहा गर्नै मिल्दैन । अब त्यसले गर्दाखेरि अब नमिल्दाखेरि पनि उनीहरू दौडिरा' हुन्छन् केही थाहा भएन । यसको बारेमा पनि गम्भीरतापूर्वक छानबिन गरौंला । र के के कैदमा मिल्दैन मिल्दैन । त्यो कुरा अब सबै बन्दीलाई यो सानो लिफलेट बनाएर दिनुपर्यो । अब दिँदाखेरि मनो परामर्श चाहिन्छ कि फेरि । छुट्छु भने आशै फेरि खतम भएर जान्छ कि । त्यो पनि अर्को मनोवैज्ञानिक अर्को एङ्गलबाट पनि हेर्न सकिन्छ । तथापि छुट्दै नछुट्नेले पनि दौडिरा' हुन्छहोला । त्यसले गर्दाखेरि यो कैद मिनाहासम्बन्धी विभिन्न चर्चा परिचर्चाहरू हुने गरेको छ । तर यसलाई व्यवस्थित अझै गर्न जरुरी छ र यो नयाँ विधेयक पास भैसकेपछि यो ऐनको कार्यान्वयन गर्न थालिसकेपछि यो ऐनलाई कार्यान्वयन गर्ने क्रममा अब नियमावली र कार्यविधिहरूलाई पनि परिमार्जन गर्न जरुरी छ । यतापट्टि यो कैद कट्टासम्बन्धी पनि गम्भीरतापूर्वक ध्यान दिइने छ । त्यसमा कुनै खालको अनियमितता नहोस् कसैले पनि दुःख नपाओस् । जसको आचरण सुध्रिएको छ । जसलाई हाम्रो नियमले दिन मिल्छ । त्यो रेकर्डकै आधारमा दिने हो । र यसलाई डिजिटलाइज पनि गर्ने हामी सोच राख्या छौं । हरेक कैदको finger print पनि राखेर उसको फोटो र finger print राखेर उसको description राख्दिने त्यो भयो भने उसको आचरणको बारेमा सामान्य remark जेलरले लेख्दाखेरि हुन्छ । नभए कसको ५० वर्ष पुग्यो भनेर फेरि जेल जेलमा गएर खोज्न नपरोस् । त्यो खालको व्यवस्थापन गर्ने कोसिसमा छौं हामीहरू । सफल हुने छौं भन्ने हामीलाई लाग्या छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित कारागार विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४३ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४३ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ का सम्बन्ध विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४३ सम्म उल्लेखित संशोधनहरू कारागार विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४३ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "कारागार विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ५१ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ विधेयकको दफा २ देखि ५१ सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त कारागार विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावना**</u>ः कारागारको स्थापना सञ्चालन र व्यवस्थापनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u>ः (१) यस ऐनको नाम कारागार ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौँ दिनदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त कारागार विधेयक, २०७६ को प्रसतावना र नाम विधेयकको अङ्ग बनाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृहमन्त्री श्री बाखकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मति पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको

संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

<u>**माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इश्तियाक राई**</u>ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन् तसर्थ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल भदौ २६ गते आइतवार अपराह्न १२:५९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल भदौ २६ गते आइतवार अपराह्न १२:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

स्थगितः- १३:५३ बजे